# अर्नमा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## अर्नमा, सिरहा

### प्रदेश नं. २, नेपाल

प.स.– २०७५।२०७६
च.नः- २३८

मिति :- २०७५।०७।२९

सुचना ।                    सुचना ॥                    सुचना ॥।

**विषय : पोखरी ठेक्का सम्बन्धमा ।**

**श्री सर्ब साधारणहरु सबै ।**

उपरोक्त सम्बन्धमा साबिक जि.सि. गाविस अर्नमा प्र.पि. हाल यस अर्नमा गा.पा. ३ नं. वडा अन्तर्गतमा पर्ने सार्बजनिक ऐलानी मिन्हे पोखरीहरु आ.व.२०७५/०७६ देखि २०७७/०७८ को असार मसान्त सम्म बर्ष तिनको लागि ठेक्का बन्दोबस्त गर्नु परेकोले सर्ब साधारणहरु सबैको लागि यो सुचना प्रकाशित गरिएको छ ।ठिक्का लिन इच्छुक महानुभावहरुले मिति **२०७५/०८/१३ गते दिनको ११:०० बजे देखि ०४:०० बजे** सम्म यस कार्यालयमा उपश्थित भइ डाक बढाबढ गर्न आउनु होला । उत तोकिएको मिति,समय र स्थानमा उपश्थित नहुने भइ पछि म पनि ठेक्का लिने थिए भनि कुनै किसिमको उजुर बाजुर गरे लाग्ने छैन । ठेक्काको पोखरी र सर्तहरु निम्न अनुसार छ ।

<u>शर्तहरु</u>

१ ठेक्काको डाक सकार गर्ने नेपाली नागरिक भएमा ५% र विदेशी भए मा १०% धरौटी रकम नगद बुझाइ डाक बढाबढ गर्नु पर्ने छ ।

२ ठेक्का वा डाक सदर भएको मितिले ७ दिन भित्र एकमुष्ट रकम बुझाएमा चलन पुर्जि दिइने छ ।सो समय भित्र चलन पुर्जि नलिएमा धरौटी रकम जफत हुनेछ ।

३ ठेक्का मिति **२०७५/०८/१३ गते दिनको ११ बजे देखि ४ बजे** सम्म गाउँपालिकाको कार्यालय अर्नामा ग्रामिण प्राङ्गनमा ।

४ पोखरीको डाक साविक अङ्क भन्दा माथि तथा गाउँपालिकाको निर्णय अनुसार हुनेछ ।

५ ठेक्का दिने वा नदिने सम्पुर्ण अधिकार गाउँपालिकाको कार्यालयमा निहित रहने छ ।

६ ठेक्का सम्बन्धि कुनै सरकारी कर दस्तुर तिर्नु परेमा ठेकेदारले नै ब्यहोर्नु पर्ने छ ।

७ पोखरी ठेक्का सम्बन्धि विशेष जानकारीको लागि गाउँपालिकाको कार्यालय खुल्ला रहेको बेला सम्पर्क राख्नु होला ।

८ ठेक्का लिने इच्छुक व्यक्तिहरु मध्ये सबभन्दा बढी डाक सकार गर्ने व्यक्तिको धरौटी राखे छ । त्यस पछि दोस्रो क्रमशः तेस्रोको धरौटी राखिने छ ।

९ ठेकेदारले डाक बढाबढ गर्दा एक पटकमा रु ५०००।– (अक्षरेपी रु पाँच हजार मात्र) भन्दा बढी बोल्न पाइने छैन् ।

१० पहिलो ठेकेदारले ७ दिन भित्रमा चलन पुर्जि नलिएमा दोस्रो ठेकेदारलाई दिइने छ ।